# २०६७ को मानवअधिकार स्थितिबारे समीक्षा

**कान्तिपुर संवाददाता**

दाङ- जिल्लामा २०६७ सालको मानवअधिकार स्थिति र शान्ति प्रक्रियाबारे मानवअधिकारकर्मी तथा प्रशासन प्रमुखहरुले समीक्षा गरेका छन् ।

हरप्लेसले बुधबार समीक्षा कार्यक्रम आयोजना गरी शान्ति समितिका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, पत्रकार र मानवअधिकारवादीहरुबीच मानवअधिकार स्थितिबारे छलफल गराएको छ ।

कार्यक्रममा मानवअधिकार स्थितिबारे जानकारी दिंदै प्रमुख जिल्ला अधिकारी ऋषिराम ढकालले जिल्लामा दण्डहिनताको स्थिति नराम्रो नरहेको बताए ।

चन्दा असुली, हत्या, बलात्कार जस्ता घटनाहरु भए पनि ति सबै घटनामा प्रशासनले आफ्नो सक्रियता देखाएको बताए । निमित्त जिल्ला प्रहरी प्रमुख प्रहरी नायव उपरिक्षक लक्ष्मण गिरीले वर्षभरी जिल्लामा ३० वटा सार्वजनिक अपराध, ९ वटा अपहरण तथा शरिर बन्धक, २२ वटा कर्तव्य ज्यान, ८ वटा बलात्कार र ५ वटा डकैतीका मुद्धा दायर भएको जानकारी दिएका छन् ।

यसैगरी नौ वटा बिभिन्नखाले पेस्तोल र ६ वटा भरुवा बन्दुक फेला परेको, १७२ वटा घरायशी हिंशासम्बन्धी मुद्धा मिलाइएको, ४३



**दाङमा २०६७ सालको मानवअधिकार स्थितिबारे जानकारी दिंदै प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख र मानवअधिकारकर्मी ।**
*तस्बिर : दुर्गालाल केसी/कान्तिपुर*

प्रहरीले मानवअधिकार सम्बन्धी तालिम लिएको र अपराधका घटनामा कुनै पनि राजनीतिक दलबाट दवाव झेल्नु नपरेको उनले बताए ।

गिरीले यि सबै अपराधमध्ये पाँचवटा घटना रहस्यमय र तथ्य पत्ता लाग्न नसकेको अवस्थामा भएपनि अन्य सबै घटनाका दोषिहरुलाई पक्राउ गरी जेल हाली सकेको जानकारी दिए ।

कार्यक्रममा बोल्दै रेडियो स्वर्गद्वारीका प्रबन्ध निर्देशक दधिराम सुवेदीले वर्षभरि नै सुरक्षितरुपमा काम गर्ने वातावरण नभएको गुनाशो

शान्ति सुरक्षामा केही उतारचढाव देखिए पनि प्रहरीसामु धेरै चुनौती थपिदै गएको बताए ।

एक बर्षको अवधिमा पुनरावेदन अदालत तुलसीपुरवाट मानवअधिकार सम्बन्धी दुईवटा घटनामा अनुसन्धान तिव्र गर्न प्रहरीलाई आदेश आएको कुरा पनि उनले स्मरण गराए ।

शान्ति समितिकी अध्यक्ष तुलसा केसीले राजनीतिक दलहरुबीच समन्वयको बातावरण राम्रो भएको बताइन् ।

शान्ति प्रक्रिया र मानवअधिकार उल्लंघनका घटनामा प्रहरी प्रशासन र दलहरुबीच सहकार्य भएकाले सहजरुपमा घटना सुल्झाउन सकिएको उनले बताइन् ।

कार्यक्रमको सहजिकरण गर्दै हरप्लेसका जिल्ला संयोजक बिनोद केसीले मावनअधिकार र शान्ति प्रक्रियाका सवालमा सबै सरोकारवालाले देखाएको चासो र चिन्ताप्रति धन्यवाद दिएका थिए ।

जिल्ला वारका प्रतिनिधि भरतमणि न्यौपाने, पत्रकार सुशिल गौतम, माओवादी प्रतिनिधि सागर, एमाले अध्यक्ष लक्ष्मण आचार्य, काँग्रेसका प्रतिनिधि बमबहादुर डिसी, मालेका सचिव नेत्रप्रकाश पाण्डे, नागरिक समाजका श्रीमन न्यौपाने, राष्ट्रिय जनमोर्चाका ओमप्रकाश केसी लगाएतले आगामी दिनमा आपराधिक घटनाहरुमा राजनीतिक रंग दिन नहुने विचार